विधेयक संख्याः

# दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

दलित समुदाय माथि हुने छुवाछूत तथा जातीय भेदभाव जस्ता असमान व्यवहारलाई अन्त्य गर्दै त्यस्तो समुदायको मानव अधिकारको संरक्षण र सामाजिक न्यायको सुनिश्चितता गर्न कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्न कानूनी व्यवस्था गर्न आवश्यक भएकोले "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरी प्रदेश सभामा पेश गरेको छु।

मितिः २०८१/०२/२७

(बीर बहादुर शाही)
मन्त्री
सामाजिक विकास मन्त्रालय

<u>आर्थिक टिप्पणी</u>

कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्न तर्जुमा गरिएको "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को दफा ४ मा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था, दफा ६ मा क्षमता विकास कार्यक्रम सञ्चालन, दफा ९ मा स्वास्थ्य सम्बन्धी सुविधा, दफा १० मा परिचयपत्र जारी गर्ने सम्बन्धी व्यवस्था, दफा १२ मा पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी व्यवस्था, दफा १३ मा दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था, दफा १५ मा दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन स्थानीय समिति सम्बन्धी व्यवस्था गरिएको छ। प्रस्तुत विधेयक ऐन बनी कार्यान्वयन हुँदा प्रदेश सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

मितिः २०८१/०२/२७

(बीर बहादुर शाही)
मन्त्री
सामाजिक विकास मन्त्रालय

<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>

"दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" अनुसार प्रत्यायोजित व्यवस्थापन अन्तर्गत रहेर बनाइने कानूनको प्रकृति र सीमा, प्रत्यायोजित व्यवस्थापनको कारण तथा प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभावहरु देहाय बमोजिम रहेका छनः-

| क्र.सं. | विधेयकको दफा / उपदफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ४ को उपदफा (२) | छात्रावासमा रहने विद्यार्थी छनौटको लागि छुट्टै मापदण्ड बनाउन उपयुक्त हुने। | छात्रावासमा रहने विद्यार्थी छनौटको लागि छुट्टै मापदण्ड बनाइने। | छात्रावासमा रहने विद्यार्थीको छनौट वस्तुपरक हुने। |
| २. | दफा ९ को उपदफा (१) | गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारको लागि दिइने छुट तथा सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारको लागि दिइने छुट तथा सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र उपचारमा सहज हुने। |
| ३. | दफा १२ को उपदफा (३) | पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने। | पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने। | पीडितको संरक्षण र पुनर्स्थापनामा सहजता हुने। |
| ४. | दफा १४ | समितिको अन्य काम नियमावलीमा तोक्न उपयुक्त हुने। | समितिको अन्य काम नियमावलीमा तोकिने। | समितिको क्रियाशिलतामा अभिवृद्धि भई दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धनमा हुने। |

| | | | | |
|---|---|---|---|---|
| ५. | दफा १८ | ऐनको उद्देश्यको प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न नियमहरु बनाउन आवश्यक भएको। | ऐनको उद्देश्य कार्यान्वयनको लागि विभिन्न नियमहरु बनाइने। | नियमावली निर्माण भई ऐनको उद्देश्य कार्यान्वयनमा सहजता भएको हुने। |
| ६. | दफा १९ | ऐनको उद्देश्यको प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन आवश्यक भएको। | ऐनको उद्देश्य कार्यान्वयनको लागि निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइने। | कार्यसम्पादनमा सहजता भएको हुने। |

## दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा र शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐनको उद्देश्य स्पष्ट पार्न। |
| १. | संक्षिप्त नाम र प्रारम्भ | ऐनमा उल्लिखित नाम उद्धरणका लागि सहज बनाउन। |
| २. | परिभाषा | ऐनमा प्रयोग भएका लामो शब्दलाई छोटकरीमा उल्लेख गर्न र अर्थ स्पष्ट गर्न। |
| ३. | सशक्तिकरण तथा जीवनस्तर प्रवर्द्धन गरिने | प्रदेशभित्र बसोबास गर्ने दलित समुदायको सशक्तिकरण तथा जीवनस्तर प्रवर्द्धन गर्न। |
| ४. | निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था | प्रदेशभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थामा दलित समुदायका विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षा प्रदान गर्न। |
| ५. | समानुपातिक समावेशी सिद्धान्तको पालना | प्रदेश अन्तर्गतका सबै निकाय तथा संरचनामा समानुपातिक समावेशी सिद्धान्त अनुसार दलित समुदायको सहभागिता सुनिश्चित गर्न। |
| ६. | क्षमता विकास | दलित समुदायका व्यक्तिलाई सीप विकास र जीविकोपार्जनसँग सम्बन्धित व्यावसायिक सीपमूलक तालिम प्रदान गरी सार्वजनिक तथा सरकारी सेवा प्रवेशमा सहयोग गर्न। |
| ७. | साधन स्रोतको वितरणमा समान पहुँच | प्रदेशमा रहेका साधन स्रोतको वितरणमा दलित समुदायको समान पहुँच कायम गर्न। |
| ८. | जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाई सम्बन्धी व्यवस्था | जातीय विभेद तथा छुवाछूत नियन्त्रणमा आवश्यक समन्वय तथा सहजीकरण गर्न। |
| ९. | स्वास्थ्य सम्बन्धी सुविधा | गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा छुट तथा सुविधा उपलब्ध गराउन र उक्त समुदायको बालबालिका, गर्भवती र सुत्केरी महिलाको लागि बृहत पोषण प्रवर्द्धन सम्बन्धी सेवा प्रदान गर्न। |
| १०. | परिचयपत्र | विपन्न गरिब दलितको लगत राखी उपयुक्त परिचयपत्र जारी गर्न। |

| | | |
|---|---|---|
| ११. | प्रतिरक्षा सम्बन्धी व्यवस्था | जातीय विभेद तथा छुवाछूतको कसूर सम्बन्धी मुद्दामा पीडित पक्षको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षाका लागि कानून व्यवसायीको व्यवस्था मिलाउन। |
| १२. | पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी व्यवस्था | जातीय विभेद तथा छुवाछूतबाट पीडित व्यक्तिलाई विशेष संरक्षण गर्नु पर्ने अवस्था भएमा पुनर्स्थापना केन्द्रमा राखी समाजमा पुनर्स्थापना गर्न। |
| १३. | दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन समिति | प्रदेशभित्र जातीय विभेद तथा छुवाछुत सम्बन्धी नीति, कानून तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहयोग वा सहजीकरण गर्न र जातीय विभेद तथा छुवाछूत सम्बन्धी घटनाको अध्ययन, अनुसन्धान तथा अनुगमन गरी दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन। |
| १४. | समितिको काम, कर्तव्य र अधिकार | समितिलाई आफ्नो कार्यप्रति जिम्मेवार बनाउन। |
| १५. | दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन स्थानीय समिति | प्रदेशभित्रका प्रत्येक स्थानीय तहमा दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन। |
| १६. | स्थानीय समितिको काम, कर्तव्य र अधिकार | स्थानीय समितिलाई आफ्नो कार्यप्रति जिम्मेवार बनाउन। |
| १७. | समितिको उपाध्यक्षको योग्यता | समितिको उपाध्यक्ष पदमा योग्य तथा दक्ष व्यक्ति नियुक्त गर्न। |
| १८. | नियम बनाउन सक्ने | ऐनको उद्देश्यको प्रभावकारी कार्यान्वयन गर्न। |
| १९. | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | ऐन तथा ऐन अन्तर्गत बनेको नियमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न। |

# दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: दलित समुदाय माथि हुने छुवाछूत तथा जातीय भेदभाव जस्ता असमान व्यवहारलाई अन्त्य गर्दै त्यस्तो समुदायको मानव अधिकारको संरक्षण र सामाजिक न्यायको सुनिश्चितता गर्न कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ।

(ख) "कसूर" भन्नाले मुलुकी अपराध संहिता, २०७४ बमोजिमको कसूर सम्झनु पर्छ।

(ग) "जातीय भेदभाव तथा छुवाछूत" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेको समुदाय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "शैक्षिक संस्था" कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक विद्यालय सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयलाई समेत जनाउँछ।

(झ) "समिति" भन्नाले दफा १३ बमोजिमको दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन समिति सम्झनु पर्छ।

(ञ) "स्थानीय समिति" भन्नाले दफा १५ बमोजिमको "दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन स्थानीय समिति सम्झनु पर्छ।

३. सशक्तिकरण तथा जीवनस्तर प्रवर्द्धन गरिने: प्रदेशभित्र बसोबास गर्ने दलित समुदायको यस ऐन बमोजिम सशक्तिकरण तथा जीवनस्तर प्रवर्द्धन गरिनेछ।

४. निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था: (१) प्रदेशभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थामा दलित समुदायका विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षा प्रदान गर्न प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

**स्पष्टीकरणः** "निःशुल्क शिक्षा" भन्नाले भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क र प्रयोगशाला शुल्क सम्झनु पर्छ।

(२) आर्थिक रुपमा विपन्न र भाडामा बस्नु पर्ने दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि तोकिएको मापदण्डको आधारमा महिला, वादी, हलिया र अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता राखी छात्रावासको व्यवस्था गर्न सकिनेछ।

(३) शैक्षिक संस्थाले सञ्चालन गरेको छात्रावासमा विपन्न दलित वर्गलाई प्राथमिकता दिई बसाई व्यवस्थापन गर्न प्रदेश सरकारले आवश्यक सहजीकरण गर्न सक्नेछ।

(४) प्रदेश सरकारले प्राविधिक तथा उच्च शिक्षातर्फ इन्जिनियर, चिकित्सक, कानून, लेखा, कृषि, वन, समाजशास्त्र, अर्थशास्त्र, इलेक्ट्रिकल, मेकानिकल, भूगर्भशास्त्र, कम्प्युटर इन्जिनियरिङ, पत्रकारिता र अन्य विषय पढ्न चाहने दलित विद्यार्थीको लागि विशेष कार्यक्रमको व्यवस्था गर्न सक्नेछ।

(५) प्रदेश सरकारले शैक्षिक क्षेत्रमा सबैभन्दा पछाडि परेका दलित समुदायका विद्यार्थीको शैक्षिक स्तर उकास्न विशेष कार्यक्रमको व्यवस्था गर्न सक्नेछ।

(६) शिक्षण संस्थामा दलित समुदायका विद्यार्थीका लागि प्रचलित कानून बमोजिम छुट्याउनु पर्ने आवश्यक संख्याको लागि प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(७) प्रदेश सरकारले जातीय भेदभाव तथा छुवाछूतलाई प्रोत्साहन गर्ने विषयवस्तुलाई शैक्षिक संस्थाको पाठ्यक्रमबाट हटाउन र जातीय भेदभाव तथा छुवाछूत संम्बद्ध कानूनका विषयवस्तु पाठ्यक्रममा समावेश गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(८) प्रदेश सरकारले सामाजिक न्याय स्थापना गर्न योगदान गर्ने दलितको ऐतिहासिक व्यक्तित्वको जीवनी पाठ्यपुस्तकमा समावेश गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

५. **समानुपातिक समावेशी सिद्धान्तको पालनाः** (१) प्रदेश अन्तर्गतका सबै निकाय तथा संरचनामा समानुपातिक समावेशी सिद्धान्त अनुसार दलित समुदायको प्रचलित कानून बमोजिम सहभागिता हुनेछ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दा दलितका लागि आरक्षित सिट मध्ये कम्तीमा तेत्तीस प्रतिशत सिट दलित महिलाका लागि सुनिश्चित गर्नु पर्नेछ।

६. **क्षमता विकासः** (१) दलितलाई सार्वजनिक तथा सरकारी सेवा प्रवेशमा सहयोग गर्न सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) दलित समुदायका व्यक्तिलाई सीप विकास र जीविकोपार्जनसँग सम्बन्धित व्यावसायिक सीपमूलक तालिमको लागि प्राथमिकता दिइनेछ।

७. <u>साधन स्रोतको वितरणमा समान पहुँचः</u> प्रदेश अन्तर्गत रहेका साधन स्रोतको वितरणमा दलित समुदायको समान पहुँच हुनेछ।

८. <u>जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाई सम्बन्धी व्यवस्था:</u> प्रदेश सरकारले प्रदेशभित्रका प्रत्येक जिल्ला प्रहरी कार्यालयमा जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईको स्थापना गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

९. <u>स्वास्थ्य सम्बन्धी सुविधा:</u> (१) प्रदेश सरकारले गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा तोकिए बमोजिमको छुट तथा सुविधा उपलब्ध गराउन सक्नेछ।

(२) प्रदेश सरकारले गरिव तथा विपन्न दलित समुदायको व्यक्तिलाई गम्भीर प्रकृतिको रोग लागेमा न्यूनतम शुल्कमा स्वास्थ्य उपचारको व्यवस्था मिलाउन सहजीकरण गर्न सक्नेछ।

(३) प्रदेश सरकारले गरिव तथा विपन्न दलित समुदायको व्यक्तिको निःशुल्क स्वास्थ्य बीमा गर्न प्राथमिकता दिई आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(४) गरिव तथा विपन्न दलित समुदायको बालबालिका, गर्भवती र सुत्केरी महिलाको लागि बृहत पोषण प्रवर्द्धन सम्बन्धी सेवा प्रदेश सरकारले मापदण्ड बनाई लागू गर्न सक्नेछ।

१०. <u>परिचयपत्र:</u> (१) प्रदेश सरकारले विपन्न गरिव दलितको लगत राखी उपयुक्त परिचयपत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परिचयपत्रको आधारमा प्रदेश सरकारले उपलब्ध गराउने सेवा, सुविधामा सहुलियत उपलब्ध गराउन सक्नेछ।

११. <u>प्रतिरक्षा सम्बन्धी व्यवस्था:</u> जातीय विभेद तथा छुवाछूतको कसूर सम्बन्धी मुद्दामा पीडित पक्षको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षाका लागि कानून व्यवसायी राख्नु पर्ने अवस्था भएमा पीडितको आर्थिक अवस्थालाई विचार गरी प्रदेश सरकारले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी तथा प्रतिरक्षाका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१२. <u>पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी व्यवस्था:</u> (१) जातीय विभेद तथा छुवाछूतबाट पीडित व्यक्तिलाई विशेष संरक्षण गर्नु पर्ने अवस्था भएमा पीडितको निवेदन बमोजिम मन्त्रालयले अल्पकालिन समयावधिको लागि पुनर्स्थापना केन्द्रमा राखी समाजमा पुनर्स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापनको जिम्मेवारी मन्त्रालयले मातहतका कार्यालयलाई दिन सक्नेछ।

(३) पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन समिति:</u> (१) प्रदेशभित्र जातीय विभेद तथा छुवाछुत सम्बन्धी नीति, कानून तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहयोग वा सहजीकरण गर्न र जातीय विभेद तथा छुवाछूत सम्बन्धी घटनाको अध्ययन, अनुसन्धान तथा अनुगमन गर्न प्रदेशस्तरमा देहायका सदस्य रहेको एक दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) दलितको हक अधिकार तथा मानव अधिकारका क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएका दलित समुदायका व्यक्तिहरुमध्येबाट प्रदेश सरकारबाट नियुक्त हुने व्यक्ति - उपाध्यक्ष

(ग) मुख्यन्यायधिवक्ता, कर्णाली प्रदेश सरकार - सदस्य

(घ) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(छ) दलितको हक अधिकार तथा मानव अधिकारका क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएका दलित समुदायका व्यक्तिहरुमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश कार्यालय, सुर्खेत - सदस्य

(झ) सचिव, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम नियुक्त तथा मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम नियुक्त तथा मनोनीत सदस्यले इमान्दारीपूर्वक पदिय जिम्मेवारी पूरा नगरेमा प्रदेश सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठकमा भाग लिए बापत उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिमका सदस्य बाहेकका सदस्यले प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्ड सम्बन्धी निर्देशिका वा आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको बैठक भत्ता र उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिमका सदस्यले बैठक भत्ता र समितिको बैठकमा आउँदा जाँदाको प्रदेश सरकारको सचिवले पाए सरहको दैनिक भत्ता तथा सार्वजनिक यातायातको खर्च पाउनेछन्।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

१४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय भेदभाव सम्बन्धी नीति, प्रचलित संघीय तथा प्रदेश कानून र कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ख) जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि नीति, योजना तथा कार्यक्रमको तर्जूमा गर्न प्रदेश सरकारलाई आवश्यक सहयोग, सल्लाह तथा सुझाव प्रदान गर्ने,

(ग) जातीय तथा अन्य सामाजिक छुवाछूत, भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी घटनाको अनुगमन गर्ने र अनुगमन गर्दा घटना भएको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(घ) जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी मुद्दामा अदालतबाट भएका फैसला कार्यान्वयनको लागि सहजीकरण गर्ने,

(ङ) जातीय विभेद तथा छुवाछूतका घटनाको वार्षिक विवरण प्रकाशन गर्ने,

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

१५. <u>दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन स्थानीय समितिः</u> (१) दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्न प्रदेशभित्रका प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन स्थानीय समिति रहनेछः-

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष - संयोजक

(ख) वडा अध्यक्षहरुमध्येबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेका तीनजना वडा अध्यक्ष - सदस्य

(ग) दलित समुदायबाट प्रतिनिधित्व गर्ने वडा सदस्यहरू - सदस्य

(घ) दलित समुदायबाट प्रतिनिधित्व गर्ने गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य - सदस्य

(ङ) दलित हक अधिकार तथा मानव अधिकारको क्षेत्रमा कार्य गर्दै आएका व्यक्तिहरूमध्येबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेको एकजना महिला सहित दुई जना - सदस्य

(च) सम्बन्धित स्थानीय तहको सामाजिक विकास शाखाको प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यले इमान्दारीपूर्वक पदिय जिम्मेवारी पूरा नगरेमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(४) स्थानीय समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा अन्य व्यक्तिलाई स्थानीय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) स्थानीय समितिको बैठकमा भाग लिए बापत सदस्यले सम्बन्धित स्थानीय तहको कानून बमोजिम बैठक भत्ता पाउनेछन्।

(६) स्थानीय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) स्थानीय समितिको सचिवालय सम्बन्धित स्थानीय तहमा रहनेछ।

१६. <u>स्थानीय समितिको काम, कर्तव्य र अधिकारः</u> स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय विभेद तथा छुवाछूत अन्त्यको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(ख) जातीय विभेद तथा छुवाछूतमुक्त वडा घोषणा गरी कार्यान्वयन गर्ने,

(ग) जातीय विभेद तथा छुवाछूतबाट पीडित व्यक्ति वा परिवारलाई कानूनी उपचारका लागि सहयोग गर्ने,

(घ) जातीय विभेद तथा छुवाछूत गर्ने व्यक्तिको लगत राखी सार्वजनिक गर्न समितिमा पठाउने,

(ङ) दलित विद्यार्थीलाई निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने वा गराउने,

(च) समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

१७. <u>समितिको उपाध्यक्षको योग्यताः</u> समितिको उपाध्यक्ष पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको,

(ग) पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) अदालतबाट कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

१८. <u>नियम बनाउन सक्नेः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१९. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u> यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।